ग्रामीण बिकास लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रधान कार्यालय, बुटवल

सवारी साधन लिलाम बोलपत्र रद्द भएको सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/३०

यस संस्थाको निर्णयानुसार आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/०६ गतेको अङ्कमा संस्थामा रहेका बा ८ च २५५ नम्बरको टोयोटा फर्चुनर गाडी र बा ७ च ११०८ नम्बरको टाटा सुमो गाडी लिलाम गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरे वमोजिम बोलपत्र पेश गर्ने तोकिएको मिति सम्ममा (कार्यालय समय भित्र) प्रधान कार्यालयमा बा ८ च २५५ नम्बरको टोयोटा फर्चुनर गाडीको मात्र सात (७) वटा व्यक्ति, फर्म/कम्पनीबाट र बा ७ च ११०८ नम्बरको टाटा सुमो गाडीको मात्र दश (१०) वटा व्यक्ति, फर्म/कम्पनीबाट लाहाछाप सहितको सिलबन्दी बोलपत्र पेश हुन आएको । पेश भएका बोलपत्रहरु लिलाम समितिका पदाधिकारीहरु संस्थाका कर्मचारीहरु र बोलपत्रदाताहरु/बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा मिति २०८२/०२/२५ गते आईतबारका दिन खोलिएको । संस्थाको लिलाम समिति र आर्थिक निर्देशन समितिको बैठकबाट प्राप्त बोलपत्रहरु बिश्लेषण गर्दा दुवै गाडीको प्राप्त बोलपत्रहरु पूर्णताको परिक्षणबाट अप्रभावग्राही (रितपूर्वक नभएको) देखिन गएकाले रद्द गरिएको व्यहोरा सम्बन्धित बोलपत्रदाताहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । साथै बोलपत्रदाताहरुबाट जम्मा भएको धरौटी रकम फिर्ता लिन सक्ने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित बोलपत्रदाताहरुलाई अवगत गराईन्छ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा संस्थाको फोन नं. ०७१-४३७५३० र ०७१-४३८९५१ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय, बुटवल